"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पुर्ण नगरवासीको एउटै रहर"
परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/०८३
चलानी नम्बर :- २१८६

मिति: २०८३/०२/१९

विषयः सार्वजनिक सवारी साधनहरूको नयाँ दर्ता रोक्का सम्बन्धमा।

श्री सरोकारवाहरू (सबै)
परशुराम नगरपालिका, जोगबुडा, डडेल्धुरा।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौको प.सं. २०८२/०८३, चलानी नम्बर ४५९, मिति २०८३/०२/१८ को पत्र साथ संलग्न पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था विभाग मिनभवन, काठमाडौंको प.सं. ०८२/०८३ चलानी नम्बर प्रा. १६९६, मिति २०८३/०२/०७ गतेको पत्रानुसार सार्वजनिक यातायातको वैज्ञानिक व्यवस्थापन हुन नसकेको कारण अत्यधिक वायू प्रदुषण, सवारी चाप तथा ट्राफिक जाम बढ्न गई आवागमनमा कठिनाई उत्पन्न भएको र इन्धनको बढ्दो मूल्यका कारण सार्वजनिक सवारी तथा यातायातमा पर्न गएको असहजता र कठिनाइको सम्बोधन गर्न सार्वजनिक सवारीको यथोचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २४ को उपदफा (३) मा वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाई वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दर्ता रोक्का गर्न मनासिव देखेमा दर्ता रोक्का गर्न सकिने कानूनी व्यवस्था रहेको सन्दर्भमा नेपाल सरकारले सार्वजनिक सवारीको वैज्ञानिक व्यवस्थापन गर्ने उद्देश्यले अर्को सूचना जारी नगरेसम्म सार्वजनिक सवारी साधनहरूको (इलेक्ट्रोनिक सार्वजनिक सवारी साधन समेत) नयाँ दर्ता रोक्का गरिदिनुहुन भनी आएको हुँदा यस परशुराम नगरपालिकामा समेत सार्वजनिक सवारी साधनहरूको नयाँ दर्ता रोक्का भएको व्यहोरा सम्वन्धित सवै सरोकारवालाहरू लाई जानकारी गरिन्छ।

२०८३/०२/१९
पुष्पराज पाण्डेय
राजस्व प्रशासन शाखा प्रमुख

२०८३/०२/१९
खगेन्द्र साउँद
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशिल प्रशासनः विकास,समृद्धि र सुशासन"
फोनः ०९६४११००४, टोल फ्रि नम्बर १८१० ५०००० १६३
ईमेलः parshurammun@gmail.com, वेवसाइटः http://www.parshurammun.gov.np